म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक २३० | आइतबार १८ चैत २०८० | ने. सं. ११४४ चिल्लागा | 31 March 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पहाडी र थापाले सुनाए मुक्तक

हेटौंडा, १७ चैत/मुक्तक मञ्च मकवानपुरले राजबाबु पहाडी र शोभा शाह थापाको संयुक्त मुक्तकवाचन कार्यक्रम गरेको छ । शनिबार मञ्चको १५ औं नियमित वाचन श्रृंखलामा पहाडी र थापाले मुक्तक सुनाएका थिए । कार्यक्रममा मुक्तककारद्वयले ६/६ मुक्तकवाचन गरेका थिए । पहाडी र थापाका मुक्तकमाथि साहित्यकार देवराज तिवारीले समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका थिए । कार्यक्रममा स्रस्टाहरुलाई मायाको चिनो तथा प्रशंसापत्र प्रदान गरिएको थियो । साथमा तुलसी घिमिरे, पुरुषोत्तम आचार्य, भवानी तिमल्सिना, स्वस्तिका बानियाँलगायतले मुक्तक वाचन गरेका थिए ।मञ्च अध्यक्ष सागर तिमल्सिनाको अध्यक्षता, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको प्रमुख आतिथ्यता भएको कार्यक्रमलाई सचिव सुवाश सजलले सहजीकरण गरेका थिए ।

# बागमती सरकारमा एमाले, थपलिया बने आर्थिक मामिलामन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/एक वर्षपछि नेकपा एमाले बागमती प्रदेश सरकारमा फर्किएको छ । शनिबार सरकारमा सहभागी एमालेसँग एकवर्षको अन्तरालमा एउटा संयोग मिल्न गयो ।

यसअघि २६ पुस ०७९ मा एमाले सरकारमा सहभागी भएको थियो । अढाई महिनामात्रै सरकारमा बसेर चार जना मन्त्रीले राजीनामा दिनुपरेको थियो । जसको कारण थियो, गठबन्धनमा फेरबदल आउनु । वर्ष दिन अघि गठबन्धनकै कारण सरकार छोड्न विवश एमाले अहिले गठबन्धन फेरबदलकै जगमा सरकारमा पुगेको हो । एमालेलाई सरकारबाट बाहिर पठाउने र फेरि पुऱ्याउने पात्र भने एउटा हुन्, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ।

नेकपा माओवादी केन्द्र अध्यक्ष प्रचण्डले गठबन्धन फेरबदल गरिरहँदा बागमती प्रदेश सरकारमा पनि त्यसको असर परेको हो । बागमती प्रदेशका नवनियुक्त आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले शनिवार साँझ पद तथा गोपनीयताको सपथ लिएका छन् । प्रदेशप्रमुख यादवचन्द्र शर्माले संविधानको धारा १६८ को उपधारा (९) बमोजिम थपलियालाई आर्थिक मामिलामन्त्रीको सपथ गराए । थपलिया दोस्रो पटक आर्थिक मामिला मन्त्री बने । यसअघि २६ पुस २०७९ मा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले उनलाई आर्थिक मामिलामन्त्री नियुक्त गरेका थिए ।

गठबन्धनमा फेरबदल आएसँगै थपलियाले छोटो अर्थात अढाई महिनामै सरकार छोड्नु परेको थियो । १० चैतमा राजीनामा दिएर सरकारबाट बाहिरिएका थपलियाले गठबन्धन फेरबदलकै कारण फेरि मन्त्री बन्ने अबसर पाएका हुन् । चितवनका थपलिया प्रदेशको पहिलो कार्यकालमा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलका प्रमुख राजनीतिक सल्लाहकार थिए ।



मुख्यमन्त्री शालिकराम जम्कट्टेलले नयाँ सत्ता समीकरण अनुसार बागमतीमा दोस्रो पटक सरकार विस्तार गरेका हुन् । यसअघि १५ चैतमा हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य संस्कृति, पर्यटन तथा सहकारी मन्त्री नियुक्त भएका थिए । १९ चैतमा प्रदेशसभाबाट विश्वासको मत लिइसकेपछि जम्कट्टेलले सरकार विस्तारलाई तीव्रता दिने उनी निकट स्रोतले जानकारी दिएको छ ।

नेकपा एमालेले नेपाली कांग्रेसले छोडेका ६ वटा मन्त्रालय मध्ये ५ वटामा दाबी गरेको छ । रिक्त ६ वटा मन्त्रालयमध्ये हाम्रो नेपाली पार्टीका बज्राचार्यले एउटा लिइसकेका छन् । १२ सदस्यी प्रदेश मन्त्रिपरिषद्को बागमती सरकारमा माओवादी केन्द्रले मुख्यमन्त्रीसहित आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूवार्धार विकास मन्त्रालय, सामाजिक विकास गरी ४ वटा मन्त्रालय सम्हालिरहेको छ ।

नेकपा (एकीकृत समाजवादी)ले श्रम, रोजगार तथा यातायात मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय लिएको छ । अब बाँकी ४ वटा मन्त्रालयमा एमालेले दाबी गरेको एक सांसदले जानकारी दिए । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय र स्वास्थ्य मन्त्रालय मुख्यमन्त्री जम्कट्टेलसँग छ ।

**को हुन् थपलिया ?**

चितवन निर्वाचन क्षेत्र नं १ को प्रदेश क्षेत्र (क) बाट थपलिया निर्वाचित भएका थिए । ४ मंसिर २०७९ मा प्रतिनिधिसभा निर्वाचन लड्न खोजेपनि सुरेन्द्र पाण्डेले टिकट ल्याएपछि उनी प्रदेशसभामा झरेका थिए ।

प्रदेशमा निर्वाचन जित्दा उनलाई आर्थिक मामिला तथा योजना मन्त्री हात लाग्यो । २० साउन २०१३ मा जन्मिएका उनका बुवा धर्मानन्द थपलिया र आमा प्रममाया थपलिया हुन् । उनको राजनीतिक यात्रा २०२८ बाट सुरु भएको हो । दोलखाको खिमावती माविको स्ववियु सचिव बनेका थपलिया २०३२ सालसम्म पार्टी कोअर्डिनेशन केन्द्रमा आबद्ध भइसकेका थिए । २०३६ सालमा मिनभवन क्याम्पसको स्ववियु सभापति भएको थपलिया बताउँछन् ।

थपलिया २०३९ मा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को केन्द्रीय सचिव भए । उनले ०४०-४४ सम्म जेल परेका थिए । माओवादीको सशस्त्र आन्दोलनका बेला पटक/पटक अपहरणमा परेको उनी सम्झन्छन् । शिक्षण पेसाबाट जागिरे जीवनको सुरुवात गरेका उनी २०६५ देखि २ वर्ष चितवनको सप्तगण्डकी बहुमुखी क्याम्पसको प्रमुख थिए । थपलियाले व्यवस्थापन संकायमा स्नात्तकोत्तरसम्म अध्ययन पूरा गरेका छन् ।

लामो समय नेकपा एमाले चितवन जिल्ला कमिटीमा रहेर काम गरेका उनी २०७० देखि २०७४ सम्म ४ वर्ष एमाले जिल्ला कमिटीको नेतृत्वमा थिए । १४ पुस २०७९ मा थपलिया नेकपा एमाले बागमती प्रदेश संसदीय दलको नेता चयन भएका थिए । थपलिया हाल नेकपा एमालेको केन्द्रीय सदस्य, भरतपुर महानगरपालिका इन्चार्ज एवम् पार्टीको केन्द्रीय शिक्षा विभाग उप-प्रमुखको जिम्मेवारीमा छन् ।

# हृदयरोग निवारण प्रतिष्ठान मकवानपुर सभापतिमा वैद्य

भानुभक्त आचार्य

हेटौंडा, १७ चैत/नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुर सभापतिमा विजयकुमार वैद्य चयन भएका छन् । शनिबार हेटौडामा भएको प्रतिष्ठान मकवानपुर शाखाको १८ औं बार्षिक साधारणसभा तथा अधिवेशनले वैद्यको अध्यक्षतामा १२ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

अधिवेशनले प्रतिष्ठानको उपसभापतिमा ध्रुव भुजेल, सचिवमा प्रल्हाद घिमिरे, कोषाध्यक्षमा अनिता न्यौपाने, सहकोषाध्यक्षमा निर्मला व्लोन, सदस्ययहरुमा त्रैलोक्यमोहन ठिके, कृष्णगोपाल बर्तौला, पम्फा बानियाँलगायत रहेका छन् । साधारणसभा तथा अधिवेशनलाई सम्बोधन गर्दै सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मकवानपुर जिल्ला विगतको इतिहासमा टेकेर धेरै अघि वढिसकेको बताइन् । 'मकवानपुर जिल्ला ड्राइभरको जिल्ला भनेर




चिनिन्थ्यो तर, स्वास्थ्य क्षेत्रमा फड्को मारेको छ' उनले भनिन् 'हाल जिल्लामै विश्वविद्यालय स्थापनाको लागि प्रक्रियागत रुपमा अघि वढेको छ ।'

मोक्तानले जिल्लामा मुटु अस्पताल बनाउने सोच रहेको र त्यो पुरा गर्ने बताइन् । उनले सरकारी नेतृत्व तहमा रहेको बेला होस या नभएको बेला आफूले निरन्तर सहयोग गर्ने प्रतिबद्दता व्यक्त गरिन् । हेटौंडा शाखा सभापति हरिवंश भेटुवालको सभाध्यक्षता तथा सामाजिक विकास मन्त्री मोक्तानको प्रमुख आतिथ्यतामा भएको साधारण सभा तथा अधिवेशनमा जिसस प्रमुख ललितबहादुर घलान, संविधानसभा सदस्य प्रल्हाद लामिछाने, नेपाल हृदयरोग निवारण प्रतिष्ठान बागमती प्रदेश संयोजक भोजराज पौडेल, प्रतिष्ठानका सल्लाहकार तथा विश्व हिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष हृयग्रीव आचार्यलगायतको उपस्थिति रहेको थियो ।

# निर्माण व्यवसायी महिला समन्वय समितिद्वारा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/नेपाल निर्माण व्यवसायी महासंघको हेटौंडामा भएको २५ औं साधारण सभाको अवसरमा महासंघ अन्तर्गतको निर्माण व्यवसायी महिला समन्वय समितिले हेटौंडाका दुई संस्थालाई सहयोग गरेको छ ।

साधारणसभाको अवसरमा निर्माण व्यवसायी महिला समन्वय समितिको व्यवस्थापन एवम् निर्माण व्यवसायी संघ मकवानपुरको समन्वयमा शनिबार भएको छुट्टाछुट्टै कार्यक्रमबीच हेटौंडा उपमहानगर पालिका-४ स्थित सेन्टर फर अटिजम मकवानपुर र हेटौंडा-१७ गैरीगाउँस्थित श्रीमद् भागवतज्ञान सञ्चार वृद्धाश्रमलाई आर्थिक सहयोग प्रदान गरिएको हो ।

दुवै संस्थालाई निर्माण व्यवसायी महिला समन्वय समितिको




व्यवस्थापन र निर्माण व्यवसायी संघ मकवानपुरका पदाधिकारीले २५-२५ हजार रुपैयाँ बराबरको चेक प्रदान गरेका थिए । नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय सदस्य एवम् निर्माण व्यवसायी महिला समन्वय समितिका संयोजक गंगा पोखरेलले सहयोग हस्तान्तरण कार्यक्रममा महासंघको साधारण सभाको अवसरमा आन्तरिक रुपमा स्रोत जुटाएर सामाजिक संस्थालाई आर्थिक सहयोग गरिएको बताए ।

सहयोग हस्तान्तरण कार्यक्रममा महासंघका केन्द्रीय सदस्य गीता शाही, निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेललगायत संस्थाका पदाधिकारी एवम् सदस्यको उपस्थिति रहेको थियो ।

# प्रदेश जुडो संघको अध्यक्षमा मकवानपुरका मदन




साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/बागमती प्रदेश जुडो संघको अध्यक्षमा मकवानपुरका मदनकृष्ण उप्रेती सर्वसम्मत चयन भएका छन् ।

शनिबार हेटौंडामा भएको बागमती प्रदेश जुडो संघको प्रथम साधारणसभाले उप्रेततीको अध्यक्षतामा ११ सदस्यीय प्रदेश समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा नुवाकोटकी राधिकादेबी पौडेल, रामेछापका लालबहादुर थापामगर चयन भएका छन् ।

त्यस्तै सचिवमा काठमाडौंका राजीब प्रधान, कोषाध्यक्षमा काभ्रेकी दिवा कठायत चयन भएकाछन् । समितिको सदस्यहरुमा धादिङका स्वागत सिलवाल, ललितपुरकी पूजा रेग्मीमहत, भक्तपुरका बासी, रसुवाका राजकुमार ढुङ्गेल, काठमाडौंकी आकृति जोशी, काभ्रेका शौरभराज कठायत रहेका छन् ।

बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यतामा भएको सम्मेलनमा केन्द्रीय जुडो संघका प्रतिनिधि प्रकाशचन्द्र पाण्डेको आतिथ्यता रहेको थियो । मकवानपुर जुडो संघका अध्यक्ष सबिन मुक्तानको अध्यक्षतामा भएको साधारणसभामा बागमति प्रदेशका जिल्लाबाट प्रतिनिधि र पर्यवेक्षकको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशसभा बैठक १९ चैतमा बस्ने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/बागमती प्रदेशसभाको बैठक चैत १९ गते दिउँसो १ बजे बस्ने भएको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले चैत्र १९ गते सोमबार दिउँसो १ बजे बस्ने गरी बैठक आह्वान गरेका हुन् ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रस्तावमा सभामुख पाठकले प्रदेशसभा बैठकको समय निर्धारण गरेका हुन् ।

बैठकमा मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि छलफल हुने कार्यसूची रहेको प्रदेशसभा सचिवालय हेटौंडाले




जनाएको छ ।

प्रदेशसभाको बैठक बस्नु पूर्व सभामुख पाठकले कार्यव्यवस्था परामर्श समितिको समेत बैठक आह्वान गरेका छन् । कार्यव्यवस्था परामर्श समितिको बैठक चैत्र १८ गते आइतबार दिउँसो ३ बजे बस्ने तय भएको छ । मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मतसम्बन्धी प्रस्ताव र अन्य विषयमा छलफल गर्न कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरिएको हो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# समन्वय अभावको नतिजा

मयुरधापको जग्गामा औद्योगिक प्रतिष्ठान निर्माण गर्ने सम्भावना न्यून भएपछि उपत्यकाबाट प्रदुषणयुक्त उद्योग सार्ने सरकारको योजना अलपत्र बनेको छ । हेटौंडाको मयुरधापमा काठमाडौंको बालाजु, पाटन र भक्तपुरका औद्योगिक क्षेत्रभित्र रहेका करिब दुई सय उद्योग स्थानान्तरण गर्ने सरकारको योजना अलपत्र बनेको हो । औद्योगिक क्षेत्र सार्ने सरकारको नीति र औद्योगिक क्षेत्र वरपरका स्थानीयको माग भएपनि कार्यान्वयन हुन सकेको छैन । बालाजु, पाटन र भक्तपुरमा सञ्चालित औद्योगिक क्षेत्रको जीर्ण पूर्वाधार, घनाबस्तीको बीचमा सुरक्षाजोखिम र प्रदुषणको असर लगायत कारणले औदोगिक प्रतिष्ठान स्थानान्तरण गर्नुपर्ने आवाज उठ्दै आएको धेरै समयं भयो । यी क्षेत्रका उद्योगलाई कहाँ, कसरी र कहिले सार्ने टुङ्गो लाग्न सकेको छैन ।

पहिलोपटक आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमार्फत् सरकारले उपत्यकाभित्रका उद्योग हेटौंडाको मयुरधापमा सार्ने नीति सार्वजनिक गरेको थियो । दुई वर्षभित्र उपत्यकामा रहेका औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख थियो । बालाजु, पाटन र भक्तपुर औद्योगिक क्षेत्रका उद्योगलाई हेटौंडाको मयुरधापमा सार्ने योजनाको घोषणा सरकारले गरेको हो । तर, मयुरधाप औद्योगिक क्षेत्र आफैं बन्ने नबन्ने टुङ्गो नलाग्दा उद्योग सार्ने योजना कार्यान्वयन हुन नसकेको हो । बागमती प्रदेशको आर्थिक ऐन, २०७९ मा काठमाडौं उपत्यकाभित्रका उद्योगले बागमती प्रदेशका अन्य जिल्लामा उद्योग स्थानान्तरण गरेमा उद्योगको नाममा जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट दिने उल्लेख छ । बागमती प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक ऐनमा पनि यो व्यवस्था गरिएको छ । तर, उद्योग आफैं उपत्यका छोडेर जान नचाहँदा सरकारको नीति प्रभावकारी देखिएन । उपत्यकाभित्रका औद्योगिक क्षेत्र सार्ने तत्काल कुनै योजना नरहेको अधिकारीहरु बताउँछन् । केही समयअघि यो विषय आएको थियो । तर, मयुरधापमा औद्योगिक क्षेत्र निर्माणबारे अन्यौलता देखिएपछि उपत्यका भित्रका उद्योगलाई बाहिर सार्ने योजना अगाडि नबढेको बताइएको छ । बालाजु औद्योगिक क्षेत्रमा एक सय ३५, पाटनमा एक सय ११, भक्तपुरमा ३८ वटा उद्योग सञ्चालनमा छन् । मयुर धाप औद्योगिक क्षेत्र आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) अझै स्वीकृत हुन सकेको छैन । राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भएकै कारण मयुरधापमा औद्योगिक क्षेत्र बन्ने हो वा होइन भन्नेसमेत टुङ्गो लागेको छैन ।

उपत्यकाको घनाबस्तीकाबीचमा उद्योगबाट सिर्जित प्रदुषणको असर, दशकौं पूराना संरचना जीर्ण अवस्थामा पुग्दासमेत मर्मतसम्भार नहुनु, उद्योगका लागि नवीनतम प्रविधि जडान गर्न नसक्नुलगायत कारण औद्योगिक क्षेत्र सार्नुपर्ने आवश्यकता महसुस भएको थियो । मुलुकको पहिलो औद्योगिक क्षेत्रका रुपमा रहेको बालाजु औद्योगिक क्षेत्र स्थापना भएको ६० वर्ष बित्यो । काठमाडौं औद्योगिक क्षेत्रमा औद्योगिक फोहोर व्यवस्थापनको समस्या छ । ढल व्यवस्थापनको पनि समस्या रहेको छ । धेरै वर्षअघि बनेका यी औद्योगिक क्षेत्रमा ढल व्यवस्थापनका लागि अब खाली जग्गा छैन । धुवाँ, धुलो निस्किने उद्योगमा अलिकति धुवाँ आउने बित्तिकै स्थानीयले गुनासो गर्ने गरेका छन् । विद्युत्, पानीलगायतका पूर्वाधार पनि जीर्ण अवस्थामा रहेका कारण औद्योगिक प्रतिष्ठान स्थानान्तरण गर्नुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १९ गते सोमबार १ अप्रिल २०२४ । सप्तमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५६, सूर्यास्त ६:२१ । विश्व मूर्ख दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पवित्र कर्ममा मन जानेछ | तुला | : शत्रु पराजय हुनेछ |
| वृष | : घरेलु समस्याले सताउने देखिन्छ | वृश्चिक | : बुद्धि र पराक्रम बढ्नेछ |
| मिथुन | : महत्वपूर्ण भेटघाट हुनेछ | धनु | : नातागोतासँग भेटघाट हुनेछ |
| कर्कट | : उपहार हात लाग्नसक्नेछ | मकर | : रोकिएको कामहरु बन्नेछ |
| सिंह | : मानसिक तनाव बढ्नेछ | कुम्भ | : आनन्दको महसुस हुनेछ |
| कन्या | : मनमा छट्पटि बढ्नेछ | मीन | : मन चञ्चल हुनेछ |

# पर्यटन उद्योग : देशको अर्थतन्त्रको मेरुदण्ड



✍ सरला भट्टराई (पौडेल)

नेपाल ७ प्रदेश ७७ जिल्लामा हरेक क्षेत्रमा विविधता भएको देश हो, जुन पर्यटनको लागि अत्यन्त अपरिहार्य विषयवस्तु रहेको छ । भौगोलिक विविधता, संस्कृति, प्रकृति, भाषा, भेषभूषाको विविधताले यो देशलाई थप रंगीन बनाएको छ ।

पर्यटन विकासको प्रबल सम्भावना बोकेको देश, सगरमाथाको देश, शान्तिभूमि बुद्धको देश, भृकुटी र अरनिकोको देश, सीता र जनकको देश नेपाली पहिचान विश्वभरि बोके तापनि नेपाल भनेर विश्वमा चिनाउन अझै बाँकी नै रहेको जस्तो लाग्छ । म केही समयअगाडि स्विडेन र यहाँको राजधानी स्टकहोम घुम्न जाँदा केही नयाँ मित्रहरूले तपाईंको देश इन्डिया हो भनेर सोधेका थिए । अन्य राष्ट्रका व्यक्तिहरू विभिन्न क्षेत्रहरूमा आफ्नो पहिचान बोकी आफ्नै देशलाई चिनाउन हरपल अगाडि बढिरहेका छन् ।

त्यसै गरी हामीले विश्वको सामु हाम्रो देश नेपालको पहिचान फैलाउनु अत्यन्त आवश्यक देखिन्छ । पर्यटन क्षेत्रलाई विस्तार गर्न र यसबाट विभिन्न मुलुकमा हाम्रो पहिचान राख्नको निमित्त राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका कार्यहरु गर्न जरुरी छ ।

पर्यटन क्षेत्रको विकासको लागि विभिन्न देशमा गएर आफ्नो देशको बारेमा केही भन्न सकियो भने यो क्षेत्र अगाडि बढ्ने प्रबल सम्भावना देखिन्छ । नेपालमा झन्डै १० लाखभन्दा बढी वार्षिक पर्यटक भित्रिएको अनुमान छ । यसले गर्दा विदेशी मुद्रा आर्जनको दरिलो स्रोतको रूपमा पर्यटन क्षेत्रलाई लिन सकिन्छ ।

प्राकृतिकरुपले सम्पन्न धनी मुलुक नेपाल अत्यन्त सुन्दर, शान्त, रमणीय देशको रुपमा चिनिन्छ । यसलाई हाम्रो पहिचानको दायराभित्र राखेर फराकिलो र विस्तार गर्नुपर्ने अनिवार्य देखिन्छ । केही व्यक्तिहरू यस क्षेत्रमा वर्षौंदेखि आबद्ध या व्यवसायको रुपमा होस्, कामको रुपमा होस्, विदेशी पर्यटकहरू भित्र्याएर आफ्नो आर्थिक अवस्था र देशको केही क्षेत्रलाई उकासे पनि सरकारीतर्फबाट यसको लागि पहल हुन सके अझै बढी पहिचान बलियो र विभिन्न विश्वका क्षेत्रहरुमा विस्तार हुन सजिलो हुन्थ्यो होला ।

नेपालमा प्राकृतिक दृश्यको लागि, पदयात्राको लागि, धार्मिक महत्वको लागि, र हनसहन सिक्नको लागि, भेषभूषा बदल्नको लागि, विभिन्न रहरहरू पूरा गर्नको लागि विभिन्न क्षेत्रबाट पर्यटकहरू भित्रिने गरेका छन् । सरल नेपाली बहादुर गोरखालीको रुपमा नेपालीले धेरै ठाउँमा आफ्नो पहिचान कायम गरिसकेको कुरा हाम्रो इतिहासमा अवगत नै छ । हामीले हाम्रो चिनारी उच्च र विस्तार गर्नको निमित्त धेरैतिरबाट निरन्तर प्रयास गर्नुपर्छ ।

पर्यटन क्षेत्रलाई एउटा मुख्य विधाको रूपमा लिन सके धेरै व्यक्तित्वलाई रोजीरोटी र कामकाजको व्यवस्था सजिलै हुन सक्ने थियो । यसो गर्नु अपरिहार्य छ । नेपालको नजिकै रहेका राष्ट्रहरु पर्यटन विकासले धेरै आर्थिक समृद्धि हासिल गरेको उदाहरण हाम्रो सामु छ । थाइल्यान्ड, भारत, इन्डोनेसिया र भुटानबाट पनि यो पाठ सिक्न सकिन्छ ।

धार्मिक पर्यटकहरूलाई पनि हामीले प्रबल सम्भावनाको रूपमा लिई धार्मिक स्थललाई सुधार र जीर्ण हुन लागेका मठमन्दिरहरूलाई संरक्षण गरी हाम्रो पहिचान विश्वसामु पस्कन सकिन्छ । धार्मिक पर्यटकलाई आकर्षित गर्नको निमित्त हामीले विभिन्न धार्मिक कार्यक्रमहरू राख्न जरुरी छ ।

हिजोआज पशुपतिनाथको क्षेत्रवरिपरि हामीले धेरै छिमेकी पर्यटकहरूको उपस्थित भेट्न सक्छौं । पर्यटकहरू विभिन्न कुराहरू सिक्न, धर्म गर्न, सन्तुष्टि प्राप्त गर्न धेरै टाढाबाट धेरै समय लगाएर आउने गरेका छन् । उनीहरूलाई हामीले सहज र उचित वातावरण दिन सक्यौं भने अन्य मुलुकभन्दा हामी धेरै अगाडि पुग्न सक्छौं । सन् २०२३ मा १४८ देशका १० लाख १४ हजार ८ सय ७६ नागरिकले नेपाल भ्रमण गरेको तथ्यांक छ । माथिको तथ्यांकले कोरोनापछिको पर्यटकको आगमन निकै सकारात्मक देखिन्छ । पर्यटन क्षेत्रले हामीलाई धेरै आत्मविश्वास जगाई आर्थिकरुपले बलियो बनाएर मानिसको सोचमा परिवर्तन ल्याउने कुरामा द्विविधा छैन ।

हालै म्याग्दी जिल्लामा महावीर पुनद्वारा सञ्चालित विभिन्न पर्यटकसँग सम्बन्धित कार्यहरू र स्थानीय उत्पादनको विकासले त्यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्था उकास्न सहयोग भएको छ । पदमार्गहरूवरपर रहेका बस्तीहरू उज्यालो हुँदै जाने र नयाँ थप कुराहरूको जानकारी हुँदै जाने गरेको छ ।

नयाँ गन्तव्यको खोजी कार्य हुनु, यसलाई पहिचानमूलक खोजीको रुपमा राख्नु पनि पर्यटनको एउटा पाटो हो । सगरमाथाका साथै अन्य हिमाल आरोहणदेखि लिएर यहाँको प्राकृतिक आनन्द लिनु, रमणीय वातावरण र शान्तिको अनुभव गर्नु पर्यटकहरूको चाहना हुन्छ । यसको विकासले गर्दा विभिन्न क्षेत्रको आर्थिक पाटो सहज हुन जान्छ र देश विकासमा टेवा मिल्छ ।

पर्यटनको महत्वको कारणले हाल विभिन्न क्षेत्रमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक वस्तुको खोजी भएको छ । पर्यटकको अपरिहार्य विषय पनि यही रहेको छ । पर्यटन र वातावरण एक-आपसमा अन्तर विषय हुन् । राम्रो, उचित, आनन्द, शान्त स्थानको भ्रमण र अवलोकन गर्ने पर्यटकहरूको अपेक्षा हुन्छ । त्यसैले पर्यटकीय क्षेत्रको वातावरणीय स्वच्छतामा विशेष महत्व दिनुपर्छ । पर्यटन क्षेत्रको विकास गरी विभिन्न मुलुकबाट आएका पर्यटकहरूसँग भावना, संस्कृति, कलाकौशलका बारेमा विचार-विमर्श एवं साटासाट गर्नु पनि पर्यटनमा सघाउ पऱ्याउनु हो ।

यस क्षेत्रको विकासले ग्रामीण भेगको जनजीवन उकास्नुको साथसाथै धेरैभन्दा धेरै यस व्यवसायबाट लाभान्वित हुन्छन् । उत्पादन भएका सामग्रीहरू सहजै खपत हुने र आफूमा भएको सीपलाई सदुपयोग गर्ने कुराको विकास हुँदै जान्छ । 'खोजिएको स्वर्ग : नेपालको पर्यटनमा अभिन्न भूमिका र आवाज' भनेजस्तै हामीले हरेक क्षेत्रलाई उकास्ने पहल गर्नुपर्छ ।

*(साभार: नेपाल सामाचार-पत्र)*

# जादुगर हुदिनी र प्रम प्रचण्ड

✍ गुरूराज घिमिरे

विश्वविख्यात हास्य कलाकार चार्ली च्याप्लिन अक्सर भन्ने गर्थे, 'मलाई झरी असाध्यै मन पर्छ, किनभने झरीमा मेरा आँसु कसैले देख्दैन ।' हरेक व्यक्तिका लागि यो साँच्चै पीडादायी अवस्था हो । त्यसो त उनका यस्ता भनाइहरू अनगिन्ती छन् तर यो भनाइ साँच्चै मर्मस्पर्शी छ । हामी सबैको जीवनमा थोरबहुत मेल खान्छ ।

उसो त नेपाली जनताले यस्तो कुरा आजसम्म मुखले त भनेका छैनन् तर चार्लीको भनाइ सापटी लिंदा जनताको मनको वास्तविक कुरा यही हो भन्दा फरक पर्दैन । अहिले नेपाली जनताको हालत यस्तै छ । कारण, जनताको मन रोएको नदेख्ने सरकार जतिवटा बने पनि र जति पटक बदलिए पनि त्यसको कुनै अर्थ छैन । सरकार फेरिंदा जनतामा कुनै हर्ष र उत्साह छैन, न हिजो थियो, न आज छ । त्यसैले अहिलेको सरकार अदलीबदलीसँग जनताको खासै साइनो वा सरोकार छैन ।

सरकार आउने-जाने मात्र भएपछि जनतालाई 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' हुन्छ नै र काठमाडौंका बासिन्दालाई जनकपुर-जयनगर चल्ने रेलको दैनिकी जस्तै हो सरकार परिवर्तन, आउँछ जान्छ । समयक्रममा राम्रा नतिजा देखिएछन् भने विश्वास गरौंला, स्याबासी दिउँला । अहिलेलाई नयाँ गठबन्धनबाट बनेको सरकारलाई केवल शुभकामना मात्रै छ । सरकारको मधुमास सिद्धिएपछि खास टिप्पणी र समीक्षा गरौंला । आजको बहस यसैमा हो तर फरक प्रसंगका साथ ।

हम्मेसी जुन कुनै पात्रको चरित्रले हामीलाई छुँदै छुँदैन । जसको चरित्रले छुन्छ, ती कमै वा अपवाद हुन्छन् । यो रङ्गमञ्चको या सिनेमाको विषय मात्र होइन । समाजका अधिकांश क्षेत्र यस अन्तर्गत पर्दछन् । नायक र खलनायक हरेक क्षेत्रमा हुन्छन् नै ।

साहित्य, संगीत, कला, व्यापार, वाणिज्य, समाजसेवा वा राजनीति नै किन नहोस् । यसमा हामी सबै जानकार नै छौं । संसारभरि यस्तो प्रभाव र अनुभव हुने गरेको छ । तर यो सबैका लागि एकसमान भने हुँदैन । आ-आफ्नो रुचि र इच्छा अनुसार हाम्रा लागि छुने चरित्र फरक-फरक हुनसक्छन् । यसमा पनि फरक-फरक श्रेणी छ । सकारात्मक र नकारात्मक दुवै ।

सकारात्मक चरित्र त समाजको आदर्श वा गहना नै भैहाल्यो, कहिलेकाहीं नकारात्मक चरित्र पनि छाप बनेर बस्न आइपुग्छ । हाम्रो सन्दर्भमा चर्चा गर्न लागिएका पात्र कस्ता हुन् नेपाली समाजले नै स्वयं निर्क्योल गरोस्, हाललाई यसमा हामी प्रवेश नगरौं । तर विश्वका एक जादुगर, भ्रमवादी (इलुजनिस्ट) वा भाग्ने कलाकार (इस्केप आर्टिस्ट) ह्यारी हुदिनीसँग सामान्य तुलना गरेर केहीबेर मनोरञ्जन भने गर्न सक्छौं ।

कला जगत त ठिक छ तर बाहिर पनि अर्थात् वास्तविक जीवनमा पनि यस्ता पात्र फेला परे भने चाहिं सम्बन्धित क्षेत्रको कुन दशा होला ? वा मानव विकासक्रमले कति मूल्य चुकाउनुपर्ला? नागरिक समाजको अवस्था के होला ? जेहोस् अब थोरै समय जादुगर हुदिनीतर्फ लागौं ।

हंगेरियन-अमेरिकी जादुगर हुन् ह्यारी हुदिनी । हंगेरीका बासिन्दा यहुदी पण्डितका छोरा हुदिनीको जादुगरी विश्व विख्यात छ । उनी जम्मा ५२ वर्ष बाँचे । गरिबीका कारण हंगेरीबाट अमेरिका बसाइँ सरेको उनको परिवारका लागि सुरुवाती दिन निकै संघर्षपूर्ण थिए । तेज दिमागका एरिक वेस, जो उनको वास्तविक नाम थियो, जादुगरी दुनियाँतर्फ आकर्षित भए । फ्रान्सेली जादुगर 'रोबर्ट हार्डिन' लाई आफ्नो आदर्श बनाएका हुदिनीले लण्डनबाट आफ्नो करिष्मा देखाउन सुरु गरे । त्यहाँको जेलमा चमत्कार देखाएपछि उनले अपार चर्चा पाए । तत्पश्चात् जर्मनीमा त्यसै गरेर थप चर्चित बने । जेलमा अनेकौं ताला, हातगोडामा नेल हत्कडी लगाएर थुन्दा पनि आफूलाई मुक्त गर्न सक्ने क्षमता थियो उनमा ।

त्यति मात्र होइन, उनले जेलका अरु बन्दीलाई राखेको साविक स्थानबाट अन्तै सारि दिए । बाकसमा बन्द गरेर समुद्रमा फाल्दा होस् वा खाल्डो खनेर पुर्दा समेत सकुशल बाहिर निस्कन सक्ने अद्भुत क्षमता थियो हुदिनीमा । जादुको स्टेजबाट हात्ती नै गायब पार्न सक्थे उनी । उनलाई विश्वका अन्य महान् जादुगरहरूले समेत आफ्ना गुरु मान्छन् ।

तर उनै महान् जादुगर इटालीको जेलमा नराम्ररी असफल भए । कारण उनलाई त्यहाँको जेलमा राखियो र बलिया ताला लगाएर राखिएको छ भनेर भनियो तर ताला लगाइएन । उनको दिमागमा भने तालै ताला थियो । त्यसैले उनले ताला खोज्न र खोल्न अनेक कोसिस गरे ।

घण्टौं कोसिसका बाबजुद ताला भेट्न असफल भएपछि बेहोस भएर ढले । जब उनी ढले, उनको धक्काले ढोका आफैं खुल्यो । उनको 'प्री माइण्डसेट'का कारण प्रारम्भमा जेलको भौतिक यथार्थ बुझ्नतर्फ लागेनन् । अन्तत: न्यूयोर्कमा जादु देखाएको हप्ता दिनमा उनको मृत्यु भयो । उनको मृत्युका बारेमा अनेक किस्सा छन् । जेहोस् हुदिनी व्यक्तिगत जीवनमा सफल जादुगर मानिन्छन् ।

नेपाली राजनीतिमा यतिबेला पुष्पकमल दाहालको चर्चा छ । चर्चा यसकारण छ कि उनलाई नेपालको पछिल्लो संसदीय राजनीतिका चतुर खेलाडी मान्न थालिएको छ । एक त हिंसात्मकबाट शान्तिपूर्ण राजनीतिमा पदार्पण गरेका उनी र उनको पार्टी निरन्तर खिइँदै गएको छ । तर व्यक्तिगत रूपमा भने उनी मोटाउँदै गएका छन् र चर्चाको केन्द्रमा समेत छन् ।

त्यति मात्रै होइन नेपाली राजनीतिको मुख्य भूमिकामा छन् र पार्टीभित्र झण्डै चार दशकदेखि एकछत्र राज चलाइरहेका छन् । यसैका कारण नेपालको राजनीतिमा उनलाई जादुगर जस्तो देखिन थालेको छ । पछिल्लो समय अन्य ठूला र मुख्य दलहरूलाई पर्ल्याकपुर्लुक पारेर सत्ता गुट्मुट्याउनु उनको खप्पिस वा खासियत भएको छ । सदन या सडकमा जहाँ पनि आफूलाई नै माथि पारेर बोल्ने दाहालले राजनीतिमा सायद, जे गरे पनि फरक पर्दैन भन्ने चिन्तन बोक्छन् । दाहाल यस प्रवृत्तिका अब्बल प्रतिनिधि हुन् ।

बाल्यकाल गरिबीको दुष्चक्रमा, तत्पश्चात् बसाइसराइ, जादुको दुनियाँमा प्रवेश, विस्तारै ख्याति र प्रसिद्धि र अन्तत: मृत्यु, हुदिनीको नियति थियो । न्यूयोर्कमा पनि उनलाई चिकित्सकले केही दिन आराम गर्ने सल्लाह दिएका थिए तर उनले मानेनन् । जसको परिणाम मृत्यु थियो, किनभने हुदिनी आफूलाई धुरन्धर ठान्थे ।

दाहाल पनि आफूलाई निकै धुरन्धर ठान्छन् र चिनियाँ नेता माओत्सेतुङको नेपाली संस्करण मान्छन् । ठिक छ- राजनीतिमा आफूले रुचाएको पात्रलाई गुरु थाप्न वा आदर्श मान्न पाइन्छ तर आफ्नो भूगोल र परिवेश थाहा पाउनुपर्छ, अनुकूल हुनु पनि पर्छ । पछि आएर इटालीको जेलमा हुदिनी अलमलिए जस्तो दाहाल नराम्ररी अलमलिएको प्रतीत हुन्छ । प्रधानमन्त्री भएको व्यक्ति यतिसारो अलमलिनु जायज हुँदैनथ्यो र एउटै 'माइण्ड सेट'ले चल्नु पनि हुँदैनथ्यो । हामीलाई थाहा छ, अरूको सल्लाह कहिल्यै नमान्ने व्यक्तिको जीवन सुखद् र त्यसको परिणाम धेरै गतिलो हुँदैन ।

> नयाँ दलको गीत गाएर मात्र पुग्दैन, कर्मले प्रमाणित गर्न सक्नुपर्छ। यसको लक्षण कहींकतै देखिएको छैन। तर नयाँ हुनुको एउटा सुविधा छ। जनताले काम हेर्न बाँकी छ। तर अरुको घर भत्काएर आफ्नो घरको अस्तित्व बचाउने पुरातन शैली असान्दर्भिक भइसकेको छ। अब यस रोगबाट राजनीतिक दलहरु मुक्त हुनुपर्छ। नयाँ दलहरु त झन् मुक्त रहनुपर्छ

हुदिनी र दाहालको 'ग्रो अप' एकैनास छ, वास्तविक नाम पनि फरक छ दुवैको । एरिक वेस र छविलाल । यो संयोग मात्र हो जस्तो लाग्छ । चञ्चलता, अस्थिरता, महत्वाकांक्षा र मपाईंत्व एकैनास छ । अरुको सल्लाह मान्दै नमान्ने, आफ्नै सुरमा हिंड्ने । अझ दाहालमा त पालो गरी-गरी सबैलाई गाली गर्ने विशिष्ट क्षमता छ । आफ्नो आङको भैंसी नदेख्ने, अरुको आङमा जुम्रा देख्ने खुबी पनि छ । बोलीमा उच्च चेतना र सांस्कृतिक स्तर कायम राख्न नसक्ने प्रवृत्ति देखिन्छ । तीनचोटि प्रधानमन्त्री भएर पनि दाहाल औसत राजनीतिज्ञबाट माथि उठ्न सक्नुभएन, लोकतन्त्रका आधारभूत सिद्धान्तलाई आत्मसात् गर्न सक्नुभएन भन्ने छर्लङ्ग देखिन्छ ।

त्यसबेला हुदिनीले पेट कसेपछि जस्तोसुकै मुक्काले पनि असर नगर्ने सर्वत्र प्रचार थियो । न्यूयोर्कको स्टेज शो अगाडि एक युवक आएर त्यस प्रचारको वास्तविकता सोध्यो । उसले सत्य हो भन्ने जवाफ दियो । त्यसपछि हुदिनी तयार नै नभई त्यस युवकले उसको पेटमा धमाधम मुक्का प्रहार गर्न थाल्यो । यसले उसको एपेन्डिक्स फुट्यो । मृत्युका विषयमा अन्य प्रचार जेसुकै भए पनि आखिर यही कारण एकहप्ता पछि नै उसको मृत्यु भयो ।

पुन: यो प्रसंग किन ल्याइएको हो भने देशको नेता भइसकेको राजनीतिज्ञले राजनीतिका संभावित जोखिमको राम्रो आकलन गर्न सक्नुपर्छ, दाहालमा त्यो होश र दूरदर्शिता देखिएन । कुरा उहाँले झेल्नुपर्ने जोखिमको मात्र होइन, राष्ट्र र जनताले उठाउनुपर्ने उच्च जोखिम र संकटको हो ।

प्रम दाहालले आजसम्म धेरै राजनीतिक मुक्का खाइसकेको दुनियाँलाई थाहा छ । अहिलेको तरिकाले त निकट भविष्यमा राजनीतिक बज्रमुक्का खाने निश्चितै देखिन्छ । जनताको मुक्काले थलिएको बेला भावी संसदीय गठबन्धनको नयाँ मुक्का खाएपछि जाने कहाँ होला ? त्यतिबेला अकाल राजनीतिक मृत्युको बज्रमुक्का खानुपर्ने हुनसक्छ । यसको हेक्का दाहाललाई नभए जस्तो छ । त्यसैले राजकाज चलाउने कुरालाई उहाँले खेलाँची ठानेको र घरीघरी ख्यालठट्टा गरेको देखिन्छ । यो सफल राजनीतिज्ञको लक्षण होइन ।

नयाँ सरकारमा सामेल भएका गठबन्धनका पात्रहरू कतिपय पुरानै र कतिपय नयाँ छन् । पुराना पात्र त चिनेकै बिष्ट हुन् तर नयाँ माथि निकै चुनौती र जोखिम छन् । कुरा गरे जस्तो सजिलो काम गर्न हुँदैन । यसका कठिनाइ धेरै छन् । पहिलो कुरा, पुराना दल माथि अनेकौं प्रश्न उठाउँदा आफ्नो नैतिक धरातल बलियो हुनुपर्छ । यस दौरान आफूमाथि उठेका नैतिक प्रश्नको चित्तबुझ्दो जवाफ दिन सक्नुपर्छ ।

नैतिकताको दोहोरो मापदण्ड कसैलाई मान्य हुँदैन । सत्तामा पुग्नु राजनीतिका फोहोर लाई पन्छाउने अवसर प्राप्त गर्नु हो । यसको लागि आफ्ना कमि-कमजोरी खुला दिलले स्वीकार्न सक्नुपर्छ । जानी-नजानी भएका गल्तीलाई ढाकछोप गर्नुहुँदैन । तर नेपाली राजनीतिको सनातन रोगको रूपमा एउटा प्रवृत्ति विद्यमान छ । अरुका सामान्य गल्तीलाई पनि पहाड बनाउने र आफ्ना ठूल्ठूला गल्तीलाई पनि ढाकछोप गर्ने ।

सचेत नागरिक समाजले यसलाई नजिकबाट नियालिरहेको छ । सत्तामा रहँदा होस् या प्रतिपक्षमा, राज्यमा विद्यमान समस्याहरूलाई हेर्ने दृष्टिकोणमा समानता हुनुपर्छ । हामी सबैले बुझेकै कुरा हो कि विभिन्न विचारधारा र सिद्धान्त बोकेका दलहरू सबै यसै नेपाली समाजका उपज हुन् । यसभित्रको चिन्तन प्रणाली, स्वार्थ र महत्वाकांक्षा एकै हो । केवल ज्ञान, विवेक र राष्ट्रिय कर्तव्यबोधले हरेकले आफूलाई फरक प्रमाणित गर्ने हो । आजसम्म अपवाद बाहेक यस्तो विलक्षण प्रवृत्ति कसैमा पाइएको छैन । सबैमा देखिएको औसत प्रवृत्तिले आजको दुरवस्था निम्त्याएको हो । यस वास्तविकतालाई मनन गर्ने कसले ?

त्यसैले नयाँ दलको गीत गाएर मात्र पुग्दैन, कर्मले प्रमाणित गर्न सक्नुपर्छ । यसको लक्षण कहींकतै देखिएको छैन । तर नयाँ हुनुको एउटा सुविधा छ । जनताले काम हेर्न बाँकी छ । तर अरुको घर भत्काएर आफ्नो घरको अस्तित्व बचाउने पुरातन शैली असान्दर्भिक भइसकेको छ । अब यस रोगबाट राजनीतिक दलहरू मुक्त हुनुपर्छ । नयाँ दलहरू त झन् मुक्त रहनुपर्छ ।

जादु विज्ञान होइन, जसलाई प्रमाणित गर्न सकियोस् । यो स्टेजमा प्रस्तुत गरिने कलात्मक गतिविधि मात्र हो । जादुमा देखाए जस्तो वास्तविक जीवन हुँदैन । यसको आयु स्टेज रहँदासम्म मात्र रहन्छ । यो क्षणभरको अद्भुत मनोरञ्जन मात्र हो । त्यसैले प्रचण्डले हुदिनी बन्ने प्रयत्न नगरेकै राम्रो हो । राजनीति मजाक गर्ने क्षेत्र होइन । हुनत नेपाली राजनीतिज्ञहरूले आजसम्म समग्र राजनीतिलाई स्टेजको जादु जस्तो ठट्टा-मजाक ठानेका छन्, जसमा अहिले आएर प्रचण्ड अगाडि देखिनुभएको छ । यो राम्रो लक्षण होइन ।


उहाँका लागि न त राजनीतिक, न भौतिक परिस्थिति सोचे जस्तो अनुकूल छ । बरु सोचेभन्दा ज्यादा प्रतिकूल छ । र अब झन् बढ्नेवाला छ । जुन देशको समाज अशान्त र समस्याग्रस्त हुन्छ, त्यहाँका नेता र राजनीतिक दलले क्षणिक फाइदा त उठाउँछन् तर टिक्दैनन् । प्रचण्डको नियति पनि त्यही हो । वर्तमान नवनिर्मित गठबन्धन असफल हँदा प्रचण्ड बाहेक कोही पनि असफल हुँदैन ।

ज्यान जाँदा हुदिनीको मात्र गयो, जादुगर टोलीको गएन । नयाँ गठबन्धन भत्किंदा डुब्ने प्रचण्ड मात्र हो, अरु कोही होइन । त्यसैले नेपाली राजनीतिमा स्थापित हुँदै गएको राजनीतिमा जे गरे पनि हुन्छ भन्ने मान्यतालाई अन्त्य गर्नु आजको राष्ट्रिय आवश्यकता हो ।

*(साभार: अनलाइनखबर)*

# माओवादी संकट देखाउने उपनिर्वाचन

काठमाडौं/नयाँ राजनीतिक शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले शनिबार इलामको लाकुरी चौतारामा सभा गरेरै उम्मेदवार घोषणा गरेको छ । प्रतिनिधि सभा सदस्यका लागि आगामी १५ वैशाखमा हुने इलाम-२ को उपनिर्वाचनका लागि उम्मेदवार घोषणा गर्न उपप्रधानमन्त्री एवं गृहमन्त्री समेत रहेका पार्टी सभापति रवि लामिछानेसहित शीर्ष नेताहरु त्यहाँ पुगेका थिए ।



४ मंसिर २०७९ मा सम्पन्न आमचुनावको नतिजा हेर्दा यो क्षेत्रमा रास्वपाको प्रभाव कमजोर छ । नेकपा एमालेका सुवास नेम्वाङले ३० हजार २० मत ल्याएर लगातार पाँचौपटक प्रतिनिधिसभा सदस्य जित्दा रास्वपाका प्रकाश सापकोटाले जम्मा १३ सय ८० मत ल्याएका थिए । नेम्वाङसँग झिनो अन्तरले पराजित नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले २९ हजार ९०६ मत ल्याएका थिए ।

अर्थात् क्रम संख्यामा तेस्रो भएपनि रास्वपाका उम्मेदवारले जमानत जोगाउन सकेन । तर रास्वपाको पार्टी मत यो क्षेत्रमा तीन गुणा बढी देखिन्छ । रास्वपाले समानुपातिकतर्फ इलाम-२ मा ४ हजार ६८६ मत पाएको छ, जुन माओवादी केन्द्र (५ हजार १५३ मत) हाराहारी हो । यो क्षेत्रमा समानुपातिक तर्फ एमालेले सबभन्दा धेरै २६ हजार ५६३ मत पाउँदा कांग्रेसले २२ हजार ३३३ मत पाएको थियो ।

यो उपनिर्वाचनलाई त रास्वपाले प्रतिष्ठाकै विषय बनाएको छ । माओवादी पृष्ठभूमिका मिलन लिम्बुलाई ठूलै प्रयासबाट घण्टी चिह्नको उम्मेदवार बनाउनु, पार्टीभित्रका अरु आकांक्षी रोक्न सक्नु र मनोनयन दर्ता नहुँदै शीर्ष नेताहरु दोस्रोपटक इलाम पुग्नुले रास्वपाले लगाइरहेको जोडबल बुझ्न सकिन्छ ।

यो क्षेत्रको बलियो शक्ति एमालेले सुवास नेम्वाङकै कान्छा छोरा सुहाङलाई उम्मेदवार बनाएको छ । सुवासको निधनपछि रिक्त उपनिर्वाचनमा उनकै युवक छोरा सुहाङ उम्मेदवार बनाउँदा पार्टी मतबाहेकका मत पनि तान्न सकिने एमालेको बुझाइ छ । त्यही बुझाइका कारण अरु पार्टीलाई उछिन्दै गत ११ चैतमै सुहाङलाई टिकट दिएको एमाले पंक्ति उपनिर्वाचनमा होमिसकेको छ । अहिले सुहाङसहित एमाले नेताहरु घरदैलो, सानासभा र छलफलमा केन्द्रित देखिन्छ ।

विगतमा एमालेसँग मुख्य प्रतिस्पर्धी रहँदै आएको कांग्रेसभित्र टिकटको लडाइँ चलिरहेको छ । कांग्रेस नेताहरुका अनुसार, आजभोलि नै उम्मेदवार टुंग्याउने गरी शीर्ष नेताहरु छलफलमा छन् । एमालेका सुवास नेम्वाङसँग पालैपालो चुनाव लडेका डम्बरबहादुर खड्का, केशव थापासहित भेषराज आचार्य, नगेन्द्र कुमाल, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङ टिकटका आकांक्षी छन् ।

उम्मेदवार टुंग्याउन ढिलै भएपनि प्रमुख प्रतिपक्षी दल भएकाले कांग्रेस आफ्नो शक्तिसहित उपनिर्वाचनमा होमिने निश्चित छ । राप्रपा, नेकपा एकीकृत समाजवादी र पहिचानवादीहरु उम्मेदवार टुंग्याएर मैदानमा उत्रिइसकेको छ । राप्रपाले लक्ष्मी गुरुङ, एकीकृत समाजवादीले जीतबहादुर राई र पहिचान पक्षधरहरुले डकेन्द्रसिंह थेगिमलाई साझा उम्मेदवार बनाएको छ ।

उपनिर्वाचनको यो प्रतिस्पर्धामा सरकारकै नेतृत्व गरिरहेको माओवादी केन्द्र भने अहिलेसम्म अलमलमै देखिन्छ । स्थानीय र प्रदेश तहका नेताहरू पार्टीको उम्मेदवारी रहन्छ वा रहँदैन भन्नेमा प्रष्ट छैनन् । यस्तो अलमलको कारण भने विगतका चुनावहरुमा माओवादीले सत्ता साझेदार दलसँग सहकार्यमा उम्मेदवार टुंग्याउने गरेको नजीर हो । गत वर्ष १० वैशाखमा सम्पन्न तनहुँ-१, चितवन-२ र बारा-२ मा माओवादीले उम्मेदवारी दिएको थिएन ।

त्यसबेला कांग्रेस सहितको गठबन्धनमा रहेको माओवादीले तनहुँ र चितवनमा कांग्रेसका उम्मेदवारलाई समर्थन गरेको थियो भने बारामा जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवारलाई समर्थन गरेको थियो । त्यसअघि २०७४ र २०७९ मा सम्पन्न तीनै तहको चुनावमा माओवादीले सत्ता साझेदार दलहरुसँग संयुक्त उम्मेदवारी दिएको थियो । त्यही बुझाइ यसपटक पनि माओवादी नेता तथा कार्यकर्तामा थियो । 'विगतका चुनाव गठबन्धनबाट लड्ने अवस्था बन्यो । त्यसैले यसपटक पनि साझा उम्मेदवार हुँदा हाम्रो पार्टीले पाउँदैन कि भन्ने नेता-कार्यकर्तामा परेको थियो', माओवादी केन्द्रका एक नेता भन्छन्, 'तर अहिले आफ्नै उम्मेदवार हुने सम्भावना छ ।' ती नेताका अनुसार, इलाम-२ मा सुवास नेम्वाङले जितेको क्षेत्र भएकाले एमालेले नै टिकट पाउने बुझाइमा माओवादी नेताहरु पनि प्रष्ट थियो ।

तर गत २१ फागुनपछि सत्ता समीकरण फेरेर सरकारमा सहभागी एमालेले उपनिर्वाचनबारे एकलौटी निर्णय लिएपछि माओवादी भित्र थप अलमल बढेको अर्का एक नेता बताउँछन् । 'इलाममा एमालेलाई सहयोग गर्नु स्वभाविक थियो, तर एमालेले एक्लै निर्णय गरेर अगाडि बढेपछि सत्ता साझेदार अरु दललाई राजनीतिक प्रश्न त उठ्ने नै भयो', ती नेता भन्छन् ।

एमालेले सल्लाह नै नगरी उम्मेदवारबारे निर्णय लिएको भन्दै एकीकृत समाजवादीले १४ चैतमा दुवै क्षेत्रमा (इलाम-२ र बझाङ क) उम्मेदवार टुंग्यायो । इलाममा जीतबहादुर राई र बझाङमा दिलबहादुर सिंहलाई उम्मेदवार बनाउने निर्णय गरेर सत्तारुढभित्र समेत प्रतिस्पर्धाको सन्देश दियो ।

'एउटा राजनीतिक शक्ति भएपछि हामीले उम्मेदवार बनाउनैपर्थ्यो । सत्ता गठबन्धनभित्र एमालेले अलग्गै उम्मेदवार बनाएपछि हामी बाध्य भयौं', एकीकृत समाजवादीका एक पदाधिकारी भन्छन् । यद्यपि इलाम-२ मा एकीकृत समाजवादीको मत असाध्यै कमजोर छ । गएको चुनावमा इलाम-२ मा प्रत्यक्षतर्फ कांग्रेसकै उम्मेदवारलाई मत दिएको एकीकृत समाजवादीले समानुपातिक मत जम्मा ५८६ ल्याएको छ । तर बझाङ (क) मा एकीकृत समाजवादीको मत उल्लेख्य छ । त्यसैले सत्तारुढ दलहरुको बैठकमा समेत इलाम-२ छोड्ने, तर बझाङमा आफूले पाउनुपर्ने दाबी गरेको थियो ।

२०७९ को चुनावमा बझाङ (क) मा माओवादी र एकीकृत समाजवादीले कांग्रेसकै उम्मेदवारलाई मत दिएपनि समानुपातिकतर्फ एकीकृत समाजवादीले ७ हजार ८३३ मत ल्याएको थियो भने माओवादीको समानुपातिक मत ८ हजार १५ छ । समानुपातिकतर्फ एकीकृत समाजवादीले पाएको यो मत देशैभरमै राम्रो मध्ये एक हो । त्यसैले दाबी स्वभाविक देखिन्छ । तर यो क्षेत्रमा २२ हजार २०४ समानुपातिक मतसहित सबभन्दा ठूलो शक्ति रहेको एमाले छोड्न तयार छैन ।

दुवै ठाउँमा उम्मेदवार टुंग्याएर एमाले चुनावमा होमिने, अनि एकीकृत समाजवादीले बझाङ पाउनुपर्ने अडान लिँदा अप्ठ्यारोमा भने माओवादी नै परेको छ । उल्टै एमाले अध्यक्ष केपी शर्मा ओली निकट नेताहरुले माओवादी सहितका दलहरुसँग गठबन्धन नभएर सत्ता समीकरण मात्र बनेको टिप्पणी गरि रहेका छन् । अर्थात् गठबन्धनभित्रै आपसी प्रतिस्पर्धा गर्न पनि एमाले तयार देखिन्छ ।

शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा ओलीले माओवादीले साथ दिनुपर्ने सार्वजनिक अपिल गरे । ओलीको भनाइ थियो, 'मलाई विश्वास छ, माओवादीले अन्तिममा हामीलाई समर्थन गर्छ, किनभने कांग्रेसलाई जिताउन मिल्दैन ।' शीर्ष सहमति नगरेर सार्वजनिक रुपमा यतिको हलुका टिप्पणी गर्नुको अर्थ अध्यक्ष ओली माओवादीबाट इलाम र बझाङमा रहनु भन्नेमा प्रष्ट देखिनु हो ।

यद्यपि सचिव गोकर्ण विष्ट चाहिँ सत्तारुढको एउटै उम्मेदवार बनाउनेबारे छलफल चलिरहेको बताउँछन् । 'छलफल भएर अथवा नभई उम्मेदवारबारे हामीले निर्णय गर्यौं भन्नेलाई ईश्यू बनाउनु राम्रो हुँदैन', उनी भन्छन्, 'सत्ता साझेदार बाट एउटै उम्मेदवार हुँदा विश्वास बलियो हुन्छ, त्यसबारे छलफल चलिरहेकै छ ।'

**नलुकेको संकट**

सरकारको नेतृत्व गरिरहेको माओवादीभित्र उपनिर्वाचनबारे अलमल रहेको बुझ्न भने उसले उम्मेदवार छनोटमा अपनाइरहेको प्रक्रिया र प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अभिव्यक्ति आफैंमा पर्याप्त हुन्छ । सत्ता साझेदार दलहरुले उम्मेदवार टुंग्याइसकेपछि बल्ल (गत १२ चैतमा) माओवादी सचिवालय बैठकले उम्मेदवारी दिने निर्णय गरेको थियो । यस्तो निर्णय भएको भोलिपल्टै माओवादी प्रदेश कमिटीले धिरेन्द्र शर्मा तिम्सिना, उर्मिला तामाङ, ओमबहादुर गुरुङ र कुमार बराइलीको नाम सिफारिस गर्‍यो ।

तर माओवादीको केन्द्रीय नेतृत्वले उल्टै यो नामबारे छलफल गर्न प्रदेश कमिटीलाई निर्देशन दिएको छ । 'एक जनाको नाममा सर्वसहमत गर्ने गरी छलफल गर्नू भनेर पार्टी केन्द्रले प्रदेश कमिटीलाई भनेको छ', माओवादी प्रदेश अध्यक्ष हर्क लिम्बु (मिक्सो) ले भने ।

उनका अनुसार, प्रदेश कमिटीमा उम्मेदवारबारे छलफल भइरहेको छ । 'को उम्मेदवार हुने भनेर छलफल गरिरहेका छौं । चाँडै सर्वसम्मति गर्छौं', उनले भने । यदि माओवादीले उम्मेदवार टुंग्याएर अगाडि बढे भने सत्ता साझेदारबीच समेत प्रतिस्पर्धा हुनेछ ।

तर माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड स्वयं अलग्गै प्रतिस्पर्धा गर्ने मनोविज्ञानमा देखिँदैनन् । दलहरुमा प्रचलित अभ्यास बमोजिम उम्मेदवारी नुटंग्याएर प्रदेश कमिटीलाई छलफल गर्ने समय दिनु मात्र नभएर प्रधानमन्त्री प्रचण्डको सार्वजनिक अभिव्यक्ति सुन्दा पनि उनी साझा उम्मेदवारकै पक्षमा छन् ।

गत १५ चैतमा राजधानीमै आयोजित एक कार्यक्रममा प्रचण्डले फेरि अर्को उथलपुथल गर्न बेर नलगाउने बताएका थिए । ''मैले अर्को उथलपुथल गर्न बेर लाग्दैन । त्यो मैले अरुलाई भनेको होइन, है । त्यो मेरै लागि भनेको हो', प्रचण्डले भनेका थिए ।

विगतमा उनले उथलपुथल शब्द सत्ता फेर्न प्रयोग गरेकाले प्रचण्ड एमालेसँग पनि सजिलो परि स्थितिमा नरहेको अनुमान लगाउन सकिन्छ । सँगै, उपनिर्वाचनबारे माओवादीभित्र परेको अप्ठ्यारोलाई पनि प्रचण्डको अभिव्यक्तिसँग जोडेर हेर्न सकिन्छ । किनकि सत्ता टिकाउन प्रचण्ड एमालेलाई चिढ्याएर जाने अवस्थामा छैनन् भने इलाम-२ मा माओवादीको शक्ति निरन्तर ओरालो लागिरहेको छ ।

यो क्षेत्रबाट प्रतिनिधि सभामा अहिलेसम्म कुनै पनि चुनाव जित्न नसकेको माओवादीले दश वर्षयता उम्मेदवारी नै दिएको छैन । २०७४ मा सुवास नेम्वाङ र २०७९ को चुनावमा कांग्रेसका डम्बर खड्कालाई समर्थन गरेको थियो ।

गत वर्षको आमचुनावमा प्रदेशसभातर्फ भने इलाम-२ (ख) मा हर्क लावती माओवादीका उम्मेदवार थिए । तर कांग्रेससहित पाँच दलीय गठबन्धनको उम्मेदवार हुँदा पनि उनले ११ हजार १६७ मत मात्रै ल्याए । एक्लै चुनाव लडेका एमालेका राम रानाले १३ हजार ७५४ मत ल्याएर लावतीलाई हराएका थिए । जबकी इलाम-२ (क) बाट कांग्रेसका उम्मेदवारले जिते । कांग्रेसका गोविन्द गिरीले गठबन्धनकै बलमा १६ हजार ६५८ मत ल्याएर जित्दा एमालेका गणेश बरालले १५ हजार ४४७ मतमा सीमित भएका थिए । इलामको यो क्षेत्रबाट माओवादीले एकपटक प्रदेशसभा सदस्य जित्नु नै अहिलेसम्मको ठूलो उपलब्धि हो । २०७४ मा एमालेसँग गठबन्धन हुँदा इलाम-२ (ख) बाट माओवादीका धिरेन्द्र शर्माले प्रदेशसभा सदस्य जितेका थिए । शर्माले १४ हजार ७१६ मत ल्याएर जित्दा कांग्रेसका खगेन्द्र देवान ११ हजार ०६५ मत ल्याएर पराजित भएका थिए ।

तर २०७९ को तीनै तहको चुनावमा माओवादी फेरि कांग्रेससँगै गठबन्धन गर्न पुग्यो, निराशाजनक नतिजा खेप्नु पर्‍यो । कांग्रेस सहितको साझा उम्मेदवार हुँदा पनि प्रदेशसभादेखि स्थानीय पालिकाको नेतृत्वमा समेत माओवादीले जित्न सकेन । चुलाचुली, माङ्सेबुङ, फाकफोकथुम र देउमाई गाउँपालिका, इलाम नगरपालिका (१० नम्बर वडा बाहेक) अनि माई नगरपालिकाको वडा नम्बर ६ देखि ८ सम्म पर्ने यो क्षेत्रमा माओवादीको कुनै पनि पालिकामा नेतृत्व छैन ।

इलाम नगरपालिका र चुलाचुली गाउँपालिकाको प्रमुख कांग्रेसले जितेको छ भने माङसेबुङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका, देउमाइ नगरपालिका र माइ नगरपालिकाको प्रमुख एमालेले जितेको छ । यो निर्वाचन क्षेत्रमा ४१ वटा वडा छ, जसमध्ये माओवादीले एउटा मात्रै वडाध्यक्ष जितेको छ । माङसेबुङ गाउँपालिका-३ का लक्ष्मन राई मात्रै माओवादीबाट जितेका एक्ला वडाध्यक्ष हुन् ।

यतिको उपलब्धि त राष्ट्रिय राजनीतिले नसुनेको दलहरुबाट यहाँ सम्भव भएको थियो । चुलाचुली गाउँपालिका-१ का वडाध्यक्ष पूर्ण लावतीले लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट जितेका हुन् भने माङसेबुङ गाउँपालिका-५ का वडाध्यक्ष नरेन्द्रकुमार राईले राष्ट्रिय जनमुक्ति पार्टीबाट चुनाव जितेका थिए ।

२०७९ वैशाखको स्थानीय चुनावमा माओवादीका उम्मेदवारले पाएको मत हेर्दा पनि माओवादीको शक्ति कति कमजोर छ भन्ने थप प्रष्ट हुन्छ । यो क्षेत्रको २२ वडाध्यक्ष जितेको कांग्रेसका वडाध्यक्षहरुले पाएको मत जोड्दा ३२ हजार ७०७ हुन्छ । १६ वडाध्यक्ष जिते पनि एमालेका वडाध्यक्षहरुले पाएको मत जोड्दा २८ हजार ९७७ पुग्छ । तर सबै वडामा उम्मेदवारी दिनसमेत नसकेको माओवादीका वडाध्यक्षका उम्मेदवारहरुले पाएको मत जम्मा दुई हजार ५३२ हुन्छ ।

अर्थात् इलाम-२ मा माओवादी निकै पछि रहेको तेस्रो शक्ति हो । माओवादी प्रदेश अध्यक्ष लिम्बु भने तेस्रो शक्ति भन्ने मनोविज्ञानले पार्टी नबन्ने तर्क गर्छन् । 'हाम्रो साथीहरुलाई हामी तेस्रो हो, एक्लै जितिदैन भन्ने लागेको हुन सक्छ' उनी भन्छन्, 'यसरी पार्टी बन्दैन, गठबन्धनको कारणले घट्दै गएको मतलाई बढाउने अवसर पनि हो, यो ।' पार्टी बनाउन र चुनाव जित्न आवश्यक माहोल बनाउनुपर्ने उनको तर्क छ । 'अस्तिको चुनावमा ५ हजार मत हाम्रो देखियो । तर हाम्रो मत ७ हजार हो भन्ने आँकलन छ, पार्टीको पक्षमा माहोल सिर्जना गर्न सक्दा अहिले पनि प्रतिस्पर्धामा पुग्छौं', लिम्बु भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'मा भिलेन हुन् पल ?




काठमाडौं/राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको निर्देशनमा तयार भएको फिल्म 'पूजार सार्की' लामो समयदेखि स्टारकास्टका कारण चर्चामा छ । फिल्ममा पहिलोपटक तीन अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एकसाथ देखिँदैछन् । छायांकनकै क्रममा आर्यन र प्रदीपको क्यारेक्टर लुक्स सार्वजनिक भइसकेको छ । यसबीच, शनिबार पलको पनि पात्र लुक्स सार्वजनिक गरिएको छ ।

उनी काँधमा बन्दुक भिरेर खोलाको बगरमा हिँडिरहेको देखिएका छन् । शिरमा भादगाउँले टोपी र आँखामा चश्मा लगाएका उनले आधा बाहुला भएको कोट, सर्ट र पाइन्ट पहिरिएका छन् । उनको हुलियाले खलपात्रको संकेत गर्छ । स्रोतका अनुसार, फिल्ममा आर्यन र प्रदीपभन्दा पलको 'स्क्रिन स्पेश' केही कम छ । तर, कथामा 'ट्वीस्ट' ल्याउने भूमिका नै उनको रहेको जानकारी प्राप्त छ ।

विकास सुवेदीको लेखन रहेको फिल्ममा अञ्जना बराइली, परीक्षा लिम्बू, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, प्रेम सुब्बा, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको पनि अभिनय छ । संगीतकार सुवास भुसालको निर्माण रहेको फिल्ममा राजेश श्रेष्ठको छायांकन छ । जातीय विभेदविरुद्धको कथामा आधारित भएर फिल्म बनेको छ ।

# 'फर्की फर्की' पोस्टरमा सोचमग्न अनमोल




काठमाडौं/सुयोग गुरुङको निर्देशनमा बनेको फिल्म 'फर्की फर्की'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका अभिनेता अनमोल केसीको जन्मदिन पारेर शनिबार सार्वजनिक पोस्टरमा उनलाई मात्र स्थान दिइएको छ । उनी दुई फरक अवस्थामा चित्रित छन् । एउटामा सोचमग्न देखिएका उनी अर्कोमा कतै हिँडिरहेका देखिन्छन् । पोस्टरमा प्रयोग केही बिम्बले उनको चरित्रबारे संकेत गर्छ ।

सामाजिक सञ्जालमा पोस्टर सेअर गर्दै अनमोलले 'यो जादूको समय हो' भनेर उल्लेख गरेका छन् । उनी अगाडि लेख्छन्, 'सबैलाई यो देखाउनका लागि अब म प्रतिक्षा गर्न सक्दिनँ कि हामीले केमाथि काम गरिरहेका छौं ।' यसले फिल्मप्रति उनको उत्साह बोल्छ । पोस्टर हेर्दा फिल्म 'टाइम ट्राभल'को कथामा बनेको हुनसक्ने देखिन्छ । यो फिल्म आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउँदैछ ।

ओम प्रकाश अग्रवाल र रोहित अधिकारीको निर्माण रहेको फिल्ममा जसिता गुरुङ, कृष्ण मल्ल, निर्मल शर्मा, रवि काफ्ले, समृद्धि अर्याल लगायतको पनि अभिनय छ । फिल्ममा मनोज ओली र रामु न्यौपाने सह-निर्मातामा छन् भने मोती कार्की र अनिरुद्ध गिरी कार्यकारी निर्माता हुन् । निर्देशक गुरुङ स्वयंको कथा र पटकथा लेखन रहेको फिल्मलाई नरेन्द्र मैनालीले छायांकन गरेका हुन् ।

# किन काठमाडौं आइन् ज्याकलिन ?

काठमाडौं/बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिज नेपाल आइपुगेकी छन् । शनिबार काठमाडौंमा 'आरबी डायमण्ड ज्वेलर्स'ले आफ्नो २७औं वार्षिकोत्सवको अवसरमा आयोजना गर्न लागेको ज्वेलरी फेसन रनवेमा सहभागी हुन उनी शुक्रबार दिउँसो काठमाडौं आएकी हुन् । पहिलोपटक नेपाल आएकी उनी उक्त रनवेमा आरबीको गहनाहरु लगाएर 'शो-स्टपर'को रुपमा र्‍याम्पमा उत्रिने जनाइएको छ ।



ज्याकलिन यसअघि अभिनेता सलमान खानसँग 'द ब्याङ टूर'मा प्रस्तुति दिन नेपाल आउने निश्चित थियो । तर पछि उक्त कार्यक्रम नै रद्द भयो । आरबीले ज्याकलिनलाई कति पारिश्रमिक तिरेर नेपाल ल्याएको हो भन्ने खुलाएको छैन । तर, बलिउडका 'ए लिस्टर' अभिनेत्रीहरुले देशबाहिर र्‍याम्प शोमा सहभागी हुन ३० लाख हाराहारी पारिश्रमिक लिने गरेको भारतीय मिडियाहरुमा उल्लेख छ ।

सन् २००९ मा फिल्म 'अलादिन'बाट ज्याकलिनले बलिउडमा डेब्यू गरेकी थिइन् । उनलाई सबैभन्दा ठूलो सफलता भने 'किक'बाट मिल्यो । उनले 'मर्डर २', 'हाउसफुल २', 'जुडवा २', 'रेस ३' जस्ता फिल्ममा पनि अभिनय गरिसकेकी छन् । श्रीलङ्काली नागरिक भए पनि उनले बलिउडमा आफ्नो राम्रो उपस्थिति जनाएकी छन् । मनी लान्ड्रिङ मुद्दामा उनी एकपटक पक्राउ पनि परेकी थिइन् ।

# छ महिनामै उप्कियो मध्यपहाडी लोकमार्गको कालोपत्र

बागलुङ/राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको घोडाबाँधे-गलकोट खण्डको कालोपत्र छ महिना नबित्दै उप्किएको छ । कालोपत्र उप्किएपछि सडकमा खाल्डाखुल्डी भएको छ ।

एक दशकअगाडि कालोपत्र भएको घोडाबाँधे-गलकोट खण्ड जीर्ण बनेपछि मर्मत गरिएको थियो । निर्माण कम्पनीले गत असोजमा कालोपत्र गरेको सडक एक महिनापछि उप्किन थालेको थियो । अहिले लोकमार्गको बीच भागमा ठूला-ठूला खाल्डा परेका छन् । कालोपत्र उप्किएपछि सडक हिलाम्य र धुलाम्मे बन्ने गरेको छ ।

गुणस्तरहीन कामका कारण कालोपत्र उप्किएको स्थानीयले आरोप लगाएका छन् । विसं २०७९ असार २२ मा लोकमार्ग कार्यालयसँग सम्झौता गरी जोशी निर्माण कम्पनी काठमाडौंले मर्मतको काम गरेको थियो । निर्माण कम्पनीले कालोपत्र गरेको लोकमार्गको घोडाबाँधे भ्यूटावर, काफलठुटा, झाँक्रीस्थान नरठाँटीलगायत दर्जनौं ठाउँमा उप्किएको छ । कालोपत्र उप्किएर खाल्डाखुल्डी बनेपछि सडकमा यात्रा जोखिमपूर्ण भएको सवारी चालक बलबहादुर सुनारले बताए ।

'ठेकेदारले सुरुमा राम्रो काम गरिरहेको थियो तर कालोपत्र गर्ने बेलामा कमसल सामान प्रयोग गरेछ । अहिले गाडी कुदाउने खालको सडक छैन । जताततै खाल्डाखुल्डी र हिलोधुलो छ', चालक सुनारले भने, 'गुणस्तरहीन काम भएकाले सरकारले यस्तालाइ कारबाही गर्नुपर्छ ।'

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson,*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140,*

*tonerhouse_htd@yahoo.com*

# सुस्तामा ५ करोडको शीतभण्डार उपयोगविहीन

नवलपरासी/पश्चिम नवलपरासीको सुस्तामा पाँच करोड रुपैयाँ लागतमा निर्माण गरिएको शीतभण्डार (चिस्यान केन्द्र) उपयोग विहीन भएको छ । जिल्लाको सुस्ता गाउँपालिका-४ नर्सहिमा निर्माण गरिएको शीतभण्डार प्राविधिक समस्याले प्रयोगविहीन भएको हो ।

सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनरायण उपाध्ययले उक्त शीतभण्डारमा केही प्राविधिकतर्फको काम बाँकी रहेकाले प्रयोगमा नआएको बताए । 'शीतभण्डारलाई ठेकेदारले निर्माण सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरे पनि भित्र तथा बाहिरका केही प्रविधिक काम अधुरा छन्', उनले भने । शीतभण्डार भित्र राखिने काठ (भुइँमा काठ बिछ्याइएको) नभएकाले प्रयोगमा ल्याउन तत्काल नसकिएको उनको भनाइ छ ।

उक्त काठ नराखेमा भण्डारण गरिएका आलु, प्याज तथा फलफूलहरु कुहिने भएकाले अहिलेसम्म सञ्चालनमा नआएको अध्यक्ष उपाध्ययले बताए । विद्युत् नभएको, सुरक्षाको दृष्टिकोणले गार्ड बस्ने कोठा, तारबार तथा पर्खाल कम्पाउण्डलगायतका काम बाँकी रहेकाले सञ्चालनमा ढिलाइ भएको उनको भनाइ छ ।

अध्यक्ष उपाध्ययका अनुसार उक्त शीतभण्डारमा एक हजार मेट्रिकटनसम्म भण्डारण गर्न सकिन्छ । अहिले पाँच सय मेट्रिकटनबाट सञ्चालनको तयारी भइरहेको उनले जानकारी दिए । 'शीतभण्डारलाई यही चैत मसान्तभित्र सञ्चालन गर्ने तयारी गरिरहेका छौं । सके किसानलाई सञ्चालन गर्न भन्ने हो, सकेनन् भने सहकारीमार्फत वा सूचना निकालेर कुनै संस्थालाई जिम्मेवारी दिनेछौं', उनले भने ।

लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्माण गरिएको उक्त शीतभण्डारमा अहिले पनि ३५ लाख रुपैयाँ खर्च भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालले जानकारी दिए । सञ्चालनका लागि बाँकी प्राविधिक तथा केही पूर्वाधार निर्माण भइरहेको उनको भनाइ छ । *(रासस)*

# हावाहुरीले रुख ढाल्दा दुई जना च्यापिए, एक जनाको मृत्यु

काठमाडौं/पाल्पामा हावाहुरीले रुख ढाल्दा च्यापिएर स्कुटरमा सवार एक जनाको मृत्यु भएको छ । एकजना घाइते छन् ।

सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको तानसेन नगरपालिका वडा नम्बर ८ जरेपिपलमा रुखले च्याप्दा तानसेन नगरपालिका-५ कैलाशनगर बस्ने १९ वर्षीय भुवन दर्लामीको मृत्यु भएको हो ।

प्रहरीले उद्धार गरी उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभासमा पठाएकोमा उपचारकै क्रममा दर्लामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रवक्ता एवम् डीएसपी सुगन्ध श्रेष्ठले जानकारी दिए ।

सो घटनामा परी स्कुटर चालक तानसेन नगरपालिका वडानम्बर २ बडिङ्गान टोल बस्ने २० वर्षीय प्रथम शाही घाइते छन् । उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

शनिबार बेलुकीपख ५ बजेर ५० मिनेटमा हावाहुरी चल्दा रुख जरैबाट ढल्दा लु ८१ प ११३६ नम्बरको स्कुटरसहित उनीहरु च्यापिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# जम्कट्टेलको विश्वासको मत फेल गराइदिन प्रस्ताव आएको सभामुखको खुलासा

साझाकुरा संवाददाता



हेटौंडा, १७ चैत/ बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले १९ चैतमा हुने विश्वासको मतको बैठकमा अनुपस्थित हुन प्रस्ताव आएको खुलासा गरेका छन् ।

चितवनमा भएको प्रदेशसभा र पत्रकारबीचको अन्तर क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै पाठकले मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिने सम्बन्धीको प्रदेशसभा बैठकमा आफूलाई अनुपस्थिति हुन प्रस्ताव आएको बताएका हुन् । ‘अविश्वासको मतमा मलाई अनुपस्थिति हुन प्रस्वात आएको थियो । दबाब आएको थियो । म अनुपस्थिति भए के हुन्थ्यो ? कोशीमा जस्तै घटना हुन्थेन ? पाठकले भने । पाठकले यो प्रस्तावलाई अस्वीकार गरेको बताउँदै निष्पक्ष ढंगले अगाडि बढ्ने बताए ।

आफू प्रदेशसभाको खेलाडी नभई एम्पायर भएकोले भूमिका निष्पक्ष हुने बताए । दबाब कहाँबाट आएको भन्ने उनले खुलाएनन् । संवैधानिक व्यवस्था अनुसार जम्कट्टेलले ३० दिनभित्र अर्थात २२ चैतसम्ममा विश्वासको मत लिनुपर्नेछ । जसकारण १९ गतेदेखि २२ गतेसम्म सभामुखलाई बैठकमा अनुपस्थित हुन प्रस्ताव आएको थियो । उनी अनुपस्थित भए सभा सञ्चालन हुन्थेन । पाठकले आफू अनुपस्थित हुँदा सभा सञ्चालनको उपसभामुख अप्सरा चापागाईंलाई जिम्मेवारी दिनुपर्ने हुन्छ । सभामुखले लिखित जिम्मेवारी नदिएसम्म उपसभामुखले बैठक चलाउन नसक्ने संवैधानिक व्यवस्था छ ।

यदि उपसभामुखलाई सभा सञ्चालनको जिम्मेवारी नदिए बैठक बस्न सक्ने अवस्था हुन्थेन । पाठक अनुपस्थिति हुँदा र उपसभामुखलाई संवैधानिक व्यवस्था अनुसार सभा सञ्चालनको जिम्मेवारी नदिँदाको अवस्थामा सरकारले विश्वासको मत प्राप्त गर्न नसक्ने जोमिख हुन्थ्यो । मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत नपाए प्रदेशसभाको ठूलो दलको हैसियतमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन हुन्छ । जम्कट्टेलले १९ चैतमा कसिलो अंकगणितकाबीच विश्वासको मत लिँदैछन् । सरकारमा सहभागी भएकाले उनको दल नेकपा माओवादीको २१, नेकपा एमालेको २७, नेकपा एकीकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सांसदले विश्वासको मत दिने अपेक्षा सरकार पक्षले गरेको छ । बागमतीमा सरकार गठनका लागि ५६ सांसदको बहुमत आवश्यक पर्दछ ।

सभामुख पाठकले बागमती प्रदेशसभालाई पारदर्शी र जनताको पहुँचमा पुऱ्याउने कार्यको थालनी भएको बताए । प्रदेशसभाको सूचना संकलनमा पत्रकारलाई सहज बनाउने कुरामा आफू प्रतिबद्ध रहेको उनको भनाई छ । सभामुख पाठकले प्रदेशसभा पारदर्शी रहँदा संसद र सांसद सचेत रहने र उचित विषयको उठान हुने कुरामा आफू विश्वस्त रहेको बताए । ‘सामाजिक सञ्जालले हालको पत्रकारितालाई चुनौती थपेको र इतिहास बोकेका मिडियाको अस्तित्व धरापमा छ, अहिले सबैभन्दा शक्तिशाली इन्टरनेट रहेको छ, इन्टरनेट बन्द हुदा सबै क्षेत्र प्रभावित रहनेछ,’ सभामुख पाठकले भने ।

# रिटर्नी एसोसियसन (समाजवादी) मा भट्ट

साझाकुरा संवाददाता



हेटौंडा, १७ चैत/नेपाल रिटर्नी एसोसियसन समाजवादी मकवानपुरको प्रथम भेलाबाट रामकृष्ण भट्टको अध्यक्षतामा १९ सदस्यीय रिटर्नी एसोसियसन मकवानपुर गठन गरिएको छ ।

उपाध्यक्ष महेन्द्रराज खड्का, सचिव अमीर लामा, सहसचिव मणिराम बल, कोषाध्यक्ष किरण राईलगायत रहेका छन् । नेपाल रिटर्नी एशोसिएन केन्द्रीय अध्यक्ष प्रवीण पौडेलको प्रमुख आतिथ्यता तथा नेकपा (एकीकृत समाजवादी) मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा भेला भएको हो ।

भेलामा पार्टी पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देल, सचिवालय सदस्य किशोर बर्तौला, मधु अधिकारी, पार्टी नगर कमिटी सचिव सफल अधिकारी लगायत पार्टीका नेताहरुको आतिथ्यता थियो । जिल्ला सचिवालय सदस्य तथा रिटर्नी एशोसिएसन मकवानपुर इन्चार्ज दुर्गाप्रसाद दहालको संयोजनमा भेला भएको हो ।

# शनिबार यु-१६ साइकल दौड प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरले हेटौंडामा पहिलो पटक १६ वर्ष मुनिका साइकलचालकबीच प्रतियोगिता आयोजना गर्ने भएको छ ।

मकवानपुरभित्र स्थायी बसोबास गर्ने, १० वर्षदेखि १६ वर्ष उमेरसमूहका बालबालिकाबीचमा प्रतियोगिता आयोजना गरिने सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिएका छन् । प्रतियोगिताका बिजेता खेलाडीले नगद, कप, मेडल तथा प्रमाणपत्र पाउनेछन् । प्रथम हुनेले ५ हजार रुपैयाँ, दोस्रो हुनेले ३ हजार रुपैयाँ, तेस्रो हुनेले २ हजार रुपैयाँ नगद पाउने सोसाइटीका अध्यक्ष श्रेष्ठले बताए ।

प्रतियोगिताका सहभागी हुन चाहने साइकलचालकले हरि कुञ्ज रोडस्थित सोसाइटीको कार्यालयमा २ सय रुपैयाँ शुल्क तिरेर नाम दर्ता गराउन सक्ने बताइएको छ । सोसाइटीका सदस्यहरुले ब्यक्तिगत लगानीबाट प्रतियोगिता आयोजना गर्न लागिएको बताइएको छ । सोसाइटीले स्वास्थ्य र पर्यावरणका लागि साइकल प्रयोग गर्न प्रेरित गर्दै आएको छ । सोसाइटीको स्थापना भएको ३ वर्ष भएको छ ।

सोसाइटीले संयोजन गरेर रसुवागढी (तिब्बतको केरुङ नाका) देखि पर्साको ठोरी नाकासम्म १० जनाले उत्तरदक्षिण साइकलयात्रा, १३ जनाको सहमागितामा मेची-महाकाली साइकलयात्रा सम्पन्न गरि सकेको छ । सोसाइटीले हरेक वर्ष कोरा च्यालेन्ज, हरेक शनिबार फन राइड (साइकलयात्रा) गर्दै आएको छ ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आयरल्याण्डविरुद्ध फिनिसिङमा चुकेको नेपाल ए

काठमाडौं, १७ चैत/ नेपाल ए ले आयरल्यान्ड ए विरुद्ध दोस्रो टी-२० खेलमा २२५ रनको विशाल लक्ष्य पछ्याउनेक्रममा सुरुवातमै विष्फोटक ब्याटिङका साथ ६ ओभरमा १ विकेट गुमाउँदै ८७ रन बनाएको थियो । त्यो सुरुवातपछि धेरैको आशा नेपालले आजको खेल जित्छ भन्ने थियो । तर अन्तिममा नेपाल ४० रनले हार्न पुग्यो ।

पहिलो खेलमा शुक्रबार १०६ रनको शतकीय इनिङ खेलेका लोकेश बमले शनिबार १३ बलमा ३ चौका र २ छक्कासहित २५ रन जोड्दै गज्जबको सुरुवात दिलाए । उनी आउट हुँदा नेपाल ३.१ ओभरमा ४७-१ को अवस्थामा थियो ।

त्यसपछि देव खनाल र कप्तान विनोद भण्डारीले पाएको सुरुवातलाई निरन्तरता दिए । तर उनी १३ बलमा १ चौका र ३ छक्कासहित २६ रन बनाउँदा स्पिनर बेन हाइटको बलमा क्याचआउट भए । उनलाई गुमाउँदा नेपाल ७ ओभरमा ९३-२ को मजबुत अवस्थामा थियो ।

ह्वाइटकै नवौं ओभरको चौथो क्विक बल देवले चाल पाउन नसक्दा अफ स्टम्प उडेको थियो । देवलाई आफू बोल्ड भएको विश्वास गर्न नै कठिन परेको थियो । केही समय आयरल्यान्डका खेलाडी र अम्पायरसँग कसरी आउट भएको कुरा गरेर बसेका थिए । उनी २५ बलमा ७ चौकासहित ४७ रनमा पेभेलियन फर्किँदा नेपाल ८.४ ओभरमा ११०-३ को अवस्थामा थियो ।

नेपालले बाँकी ११.२ ओभरमा जित्नलाई ११५ रन बनाउनुपर्थ्यो । टी-२० क्रिकेटमा प्रतिओभर १०.३६ रन त्यति कठिन मानिदैन । तर त्यसपछि नेपालको खेल निराशाजनक रह्यो । किरण ठगुन्ना ३, आरिफ शेख १४, बसिर अहमद २७, पवन सरार्फ १०, राशिद खान र विपिन खत्री १-१ रनमा आउट भए । नेपाल ९३-१ को अवस्थाबाट १७.५ ओभरमा १८४ रनमा अल आउट भयो ।

नेपाल ए को प्लेइङ-११ मा किरण ठगुन्ना र विपिन खत्री बाहेक अन्य ९ खेलाडीले सिनियर टोलीबाट खेलिसकेका खेलाडी हुन् । विनोद २००९ देखि २०२२ सम्म पहिलो रोजाइमा खेलेका विकेटकिपर हुन् । पछिल्लो समय आरिफ शेख राष्ट्रिय टोलीमा आउने र बाहिरिने भइराखेका छन् ।

आरिफ २०१४ देखि नेपालको ओडीआई टोलीबाट खेल्दै आएका छन् । पवन लगातार मौका पाउँदा पनि खराब प्रदर्शन गर्ने खेलाडी हुन् । अन्य खेलाडी टोलीमा पर्ने र बाहिरिने गरेका छन् । शुक्रबार भएको पहिलो टी-२० मा पनि नेपाल २२३ रनको लक्ष्य पछ्याउने क्रममा १५.५ ओभरमा १८९-३ को अवस्थाबाट १९.३ ओभरमा २०१ रनमा सबै विकेट गुमाएको थियो । लोकेश बम ५६ बलमा ९ चौका र ८ छक्कासहित १०६ रन बनाउँदै आउट भएसँगै मुखमै आएको जित नेपालले गुमाएको थियो । अन्तिम २४ बलमा ३४ रन चाहिँदा र हातमा ६ विकेट हुँदा नेपालले २१ रनले हारेको थियो ।

दुबै खेलमा हारको मुख्य कारण मध्यक्रम र तल्लोक्रमका ब्याटर नचल्नु देखियो । नेपालले अप्रत्याशित ब्याटिङ गर्दै विशाल लक्ष्य पछ्याउँदा जितको आशा देखाएपनि अन्तिममा दुबै खेलमा निराशा देखियो । कप्तान विनोदले अनुभवी खेलाडीको कमी हुँदा हारेको प्रतिक्रिया दिए ।

‘दुबै खेल हेर्ने हो भने हामी नै टपमा थियौं । आज पनि ९ ओभरपछि विकेट गएको गयै भयो । ब्याटरहरु नयाँ पऱ्यो, त्यसले गर्दा दबाब सम्हाल्न अलिकति गाह्रो भएको हो’, खेलपछि विनोदले भने ।

नेपालले दुबै खेलमा टस जितेर ब्याटिङको निम्तो दिएको आयरल्यान्डले क्रमश: २२२ र २२४ रन बनायो । बलिङ युनिटले अलि राम्रो गर्नुपर्ने विनोद बताउँछन् ।

‘टी-२० मा २२० माथि हुनु भनेको पूरा गर्न कठिन नै हो । १९० को आसपासमा रोके पूरा गर्न सकिन्छ भन्ने कुरा भएको थियो । बलिङ युनिटबाट अलिकति प्रयास हुनुपर्छ । एकै टोलीले इनिङमा २० छक्का हान्छ भने त्यहाँबाट खेलमा फर्किन गाह्रो हुन्छ’, उनले भने ।

पहिलो खेलको अन्तिम ओभरमा नेपालले स्पिनर सागर ढकाललाई बलिङ दिएको थियो । उनको बलमा छक्का ह्याट्रिकसहित ग्यारेथ डेलानीले कुल २३ रन जोडेका थिए । अन्तिम ओभरमा विपिन खत्रीले २५ रन खर्चिए । खेलको अवस्था अनुसार अन्तिममा स्पिनरलाई दिनु परेको उनी बताउँछन् ।

नेपालले तीन खेलको सिरिज २-० ले गुमाइसकेको छ । हिटर नारायण जोशी र तीव्र गतिका बलर विकास आग्री अन्तिम खेलमा पहिलो खेल खेल्ने आशामा हुनेछन् । नेपालका ए का कप्तान विनोदले खेल जित्नको लागि नै जाने हुँदा कसले खेल्ने भन्ने त्यसै दिन थाहा हुने बताए ।

(स्रोत: अनलाइनखबर)

# अर्थमन्त्रीले गरे ४० देशका राजदूत र नियोग प्रमुखसँग भर्चुअल बैठक

काठमाडौं, १७ चैत/ अर्थमन्त्री वर्षमान पुन अनन्तले विदेशस्थित ४० बढी नेपाली राजदूत तथा कूटनीतिक नियोग प्रमुखहरुसँग भर्चुअल बैठक गरेका छन् । आगामी १६ र १७ वैशाखमा तय भएको लगानी सम्मेलन तयारीस्वरुप मन्त्री पुनले राजदूतहरुसँग छलफल गरेका हुन् ।

जुम बैठकका लागि मन्त्री पुन शुक्रबार साँझ अबेर परराष्ट्र मन्त्रालय गएका थिए । बैठकमा मुख्यसचिव बैठकुण्ठ अर्याल, परराष्ट्र सचिव सेवा लम्साल र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील भट्टलगायत सहभागी थिए ।

मन्त्री पुनले राजदूत र नियोग प्रमुखहरुलाई अबको एक महिना लगानी सम्मेलन केन्द्रित भएर काम गर्न प्रधानमन्त्रीका तर्फबाट निर्देशन दिए । ‘लगानी सम्मेलन राष्ट्रको इज्जत, प्रतिष्ठा, गौरबको विषयसँग जोडिएको छ’, पुनले भने, ‘सम्माननीय प्रधानमन्त्रीज्यूकै तर्फबाट म यहाँहरुलाई आग्रह गर्छु कि अबको एक महिना सबै काम छाडेर यसैमा लाग्नुस् ।’

मन्त्री पुनले विदेशी विकास साझेदार, ठूला लगानीकर्ता, सम्भावित लगानीकर्ता, कार्यक्रमका वक्ता र उच्च पदस्थ सरकारी व्यक्तित्वहरुलाई यसअघि नै निम्ता पठाइसकिएको स्मरण गर्दै सम्मेलनमा आउन निश्चित भएकाहरुको सूची तयार पारेर पठाउन निर्देशन दिएका थिए । लगानीमैत्री वातावरण बनाउन सरकारले नीतिगत, प्रक्रियागत र कानूनी सुधारको काम अघि बढाएको बताए । त्यसका लागि एक दर्जन बढी कानूनमा संशोधनमार्फत सुधारको प्रक्रिया अघि बढाइएको विषयमा आफू रहेको देशका लगानीकर्ता र सरकारी एजेन्सीहरुलाई जानकारी गराउन पनि मन्त्री पुनले आग्रह गरे ।

‘१२ वटा कानून र कतिपय द्विपक्षीय समझदारीहरु गर्ने कुरामा पनि छलफ चलिरहेको छ । लगानीत्रैकी कानून बनाउन भइहरेका प्रयासबारे लगानीकर्ता र सरकारी एजेन्सीहरुलाई भन्नुस्’, उनले भने ।

(स्रोत: अनलाइनखबर)


coop ica

“सहकारीमा सुशासन : प्रविधि र एकिकरण”

## ६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

**सूचना ! सूचना ! सूचना !**

नेपालको सहकारी अभियानको मूख्य पर्व ६७ औं राष्ट्रिय सहकारी दिवस ***“सहकारीमा सुशासन: प्रविधि र एकिकरण”*** भन्ने मुल नाराका साथ २०८० चैत्र २० गते बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश स्तरीय कार्यक्रमको आयोजना गरि भब्यता पुर्वक सम्पन्न गर्न १००१ सदस्यीय बागमती प्रदेश स्तरीय मूल समारोह समिति गठन भइसकेको ब्यहोरा अनुरोध गर्दै उक्त कार्यक्रमलाई अनुशासित, ब्यवस्थित र मर्यादित रुपमा भब्यताका साथ सु-सम्पन्न गर्न मूल समारोह समितिको निर्णय अनुसार तपसिल अनुसारको कार्यक्रमहरुमा बागमती प्रदेश भित्रका सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सक्रियतापूर्वक कार्यक्रमहरु सम्पन्न गर्नको लागि अनुरोध गरिन्छ ।

**तपसिल**

यस बर्ष **“६७ औं राष्ट्रिय सहकारी दिवस”** सहकारी संघ/संस्थाहरु, सहकारीकर्मीहरु तथा सरोकारवाला निकायहरु सबैको सक्रिय सहभागितामा भब्यताका साथ मनाउने ।

**क)** २०८०/१२/१४ गते बागमती प्रदेश भरका सहकारी संघ/संस्थाको कार्यालयमा सहकारी दिवसको नारा **“सहकारीमा सुशासन : प्रबिधि र एकिकरण”** सहितको सहकारी दिवस सम्बन्धी ब्यानर राख्ने ।

**ख) अन्तरक्रिया कार्यक्रम** : २०८० चैत्र १५ गते

**ग) प्रभातफेरी कार्यक्रम** : २०८० चैत्र २० गते बिहान ७:०० बजे हेटौंडा उपमहानगरपालिका-१, चौकीटोल स्थित रोप वे चौरमा भेला भई ऱ्यालीसहित बुद्धचोक हुँदै रोयल प्यालेस हेटौंडा-४ मा शुभकामना सभामा सहभागी हुने ।

**घ) दिप प्रज्वलन कार्यक्रम** : २०८० चैत्र २० गते साँझ बागमती प्रदेश भरिका सम्पुर्ण सहकारी संघ/संस्थाहरुमा **“सहकारीमा सुशासन : प्रविधि र एकिकरण”** भन्ने नारासहितको ब्यानर राखी आ-आफ्नो कार्यालय तथा मुख्य बजारहरुमा दिप प्रज्वलन गर्दै सहकारी दिवसको खुसियाली साटासाट गर्ने ।

**ङ)** सामाजिक सञ्जालहरुमा नारा सहित शुभकामना आदान प्रदान गर्ने ।

**कार्यक्रमहरु**

| मिति | स्थान | समय | कार्यक्रम |
|---|---|---|---|
| २०८०/१२/१४ | सबै संघ/संस्थाको कार्यालयमा | | यस बर्षको नारा सहित ब्यानर राख्ने |
| २०८०/१२/२० | रोपवेको चौर हेटौंडा १ चौकीटोल ओरालो | बिहान ७:०० बजे | प्रभातफेरी ऱ्याली |
| २०८०/१२/२० | रोयल प्यालेस हेटौंडा ४ | बिहान ८:३० बजे | प्रवचन र सम्मान वितरण |
| २०८०/१२/२० | संघ/संस्थाहरुको कार्यालय परिसर | साँझ ७:०० बजे | बागमती प्रदेश भरका सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

**आयोजक**
६७ औं राष्ट्रिय सहकारी दिवस २०८०
मूल समारोह समिति, बागमती प्रदेश, हेटौंडा



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्यास ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना